गोलन्जोर गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ९ संख्या ७ मितिः२०८३/३/१०

**भाग- १**

**गोलन्जोर गाउँपालिका**

# गोलन्जोर गाउँपालिकाको विनियोजन ऐन २०८३

# गोलन्जोर गाउँपालिकाको विनियोजन ऐन २०८३

गाउँसभाबाट स्वीकृत मिति २०८३/०३/१०

गोलन्जोर गाउँपालिकाको आर्थिक बर्ष २०८३/२०८४ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक।

**प्रस्तावना:** गोलन्जोर गाउँपालिकाको आर्थिक बर्ष २०८३/२०८४ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम गोलन्जोर गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस विधेयकको नाम " गोलन्जोर गाउँपालिकाको विनियोजन ऐन, २०८३" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. आर्थिक वर्ष २०८३/२०८४ को **निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार**: (१)आर्थिक वर्ष २०८२।०८३ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी (नेपाल सरकार, बागमती प्रदेश, आन्तरिक आय र गत आ व को वचत गरी) जम्मा रकम रु २६२१०४११० ।- (अक्षेरुपी छव्वीस करोड एक्काईस लाख चार हजार एक सय दश मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. विनियोजन: (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८२/२०८३ को निमित्त गोलन्जोर गाउँ गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ । (२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकमान्तर गर्न सकिनेछ । यसरी रकमान्तर गर्न एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी र कुनै शीर्षकबाट पुंजीगत शीर्षकमा २५ प्रतिशतमा नबढाई कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकमान्तर गर्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ रकमान्तर गर्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र रकमान्तर गर्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकमान्तर गर्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशतमा नबढ्ने गरी र कुनै शीर्षकबाट पुंजीगत शीर्षकमा २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ ।

| अनुसुचि १<br>(दफा २ संग सम्बन्धित)<br>नेपालको संविधानको धारा २२९ (२) बमोजिम<br>संञ्चित कोषबाट विनियोजन हुने रकम | | | |
|---|---|---|---|
| | गोलन्जोर गाउँपालिकावाट खर्च हुने वजेट | | रु. |
| सि. नं. | विवरण | रकम रु.हजारमा | खर्च प्रतिशत (%) |
| १. | गाउँपालिका तर्फ चा.लु खर्च | १०१९००००००.०० | ३८.८७ |
| २. | गाउँपालिका तर्फ विषयगत शाखा कार्यक्रम | ६८७०४११०.०० | २६.२१ |
| ३. | समपुरक गाउँपालिका तर्फ | १२५०००००.०० | ४.७६ |
| ४. | वडा कार्यालय तर्फ(पुँजिगत) | २८००००००.०० | १०.६८ |
| ५. | क्रमागत योजनाहरु (गत आ.व.को भुक्तानी) | ३००००००००.०० | ११.४४ |
| ६. | अध्यक्ष विशेष कार्यक्रम | १०००००००.०० | ३.८१ |
| ७. | उपाध्यक्ष विशेष कार्यक्रम | ७५००००००.०० | २.८६ |
| ८. | साझेदारी कोष तर्फ | ३५००००००.०० | १.३३ |
| | **जम्मा** | **२६२१०४११०.००** | |

| अनुसुचि २<br>(दफा २ संग सम्बन्धित)<br>नेपालको संविधानको धारा २२९ (२) बमोजिम<br>संञ्चित कोषमा आम्दानीका श्रोत | | | |
|---|---|---|---|
| आम्दानीको श्रोतहरु | | | रु. |
| **सि. नं.** | **अनुदान** | **कुल बजेट** | **कुल बजेट (अक्षरमा)** |
| **नेपाल सरकारबाट प्राप्त अनुदानः** | | | |
| १ | वित्तीय समानीकरण अनुदान | ८७२००००००.०० | **आठ करोड बहत्तर लाख मात्र** |
| २ | समपूरक अनुदान | २००००००.०० | **वीस लाख मात्र** |
| ३ | विशेष अनुदान | ७१०००००.०० | **एकहत्तर लाख मात्र** |
| ४ | सशर्त अनुदान (चा.लु/पुँजिगत) | २५०२०००००.०० | **पच्चिस करोड दुई लाख मात्र** |
| | **जम्मा** | **३४६५००००००.००** | **चौतिस करोड पैसठ्ठी लाख मात्र ।** |
| **बागमति प्रदेश सरकारबाट प्राप्त अनुदानः** | | | |
| १ | वित्तीय समानीकरण अनुदान | ७४१४०००.०० | **चौहत्तर लाख चौध हजार मात्र** |
| २ | समपूरक अनुदान | २१३००००००.०० | **दुई करोड तेह्र लाख मात्र** |
| ३ | विशेष अनुदान | ४००००००.०० | **चालिस लाख मात्र** |
| ४ | सशर्त अनुदान (चा.लु/पुँजिगत) | १६६७९०००.०० | **एक करोड छैसठ्ठी लाख उन्नअसि हजार** |
| | **जम्मा** | **४९३९३०००.००** | **चार करोड तिरानव्वे लाख त्रिनव्वे हजार मात्र ।** |
| **राजस्व बाँडफाँड तर्फ** | | | |
| १ | राजस्व बाँडफाँड प्राप्ति /नेपाल सरकार | ९२६४१०००.०० | **नौ करोड छव्विस लाख एक चालिस हजार मात्र** |
| २ | राजस्व बाँडफाँड प्राप्ति /प्रदेश सरकारबाट | ३९५२९०५०.०० | **तिन करोड पञ्चानव्वे लाख उन्नतिस हजार पचास मात्र** |
| | **जम्मा** | **१३२१७००५०.००** | **तेह्र करोड एक्काईस लाख सत्तरी हजार पचास मात्र ।** |
| **गाउँपालिका तर्फ** | | | |
| १ | आन्तरिक श्रोत (बैङ्क मौज्दात बाँकी समेत) अनुमानित आय | **३५३२००६०.००** | **तिन करोड त्रिपन्न लाख वीस हजार साठ्ठी मात्र** |
| | **कुल बजेट** | **५६३३८३११०** | **छपन्न करोड तेत्तिस लाख तिरासी हजार एक सय दश मात्र** |

आज्ञाले
मान बहादुर बराल
प्रमुख प्रशासकीय अधिकृत